# CIM
## FACTS Newsletter

असोज २०७८
(अंक ६)





Chamber of Industries, Morang

Sahid Marg Biratnagar-02

021-515712


cim.biratnagar@gmail.com

# सम्पादकीय

विद्युतलाई आर्थिक विकासको महत्वपूर्ण पक्षको रुपमा लिइन्छ भने औद्योगिक विकास र गुणस्तरीय उत्पादनमा विद्युतले दुरगामी महत्व राख्नेगर्दछ ।

विगतको लामो लोडसेडिङबाट प्रताडित उद्योग/ व्यवसाय क्षेत्रले नियमित र गुणस्तरीय विद्युतको माग राख्दै आएतापनि विद्युतको गुणस्तरमा सुधार आउन सकेको छैन । बारम्बारको पावर-कट, लो-भोल्टेज, ट्रिपिङ जस्ता समस्याले यस क्षेत्रको मिल-मेशिनेरी बिग्रने, प्रोसेसिङमा रहेका कच्चा पदार्थ खेर जाने, उत्पादित वस्तुको गुणस्तर कायम नहुने, लक्ष्य अनुरुप उत्पादन गर्न नसक्ने जस्ता कारणले यस क्षेत्रले लामो समयदेखि अर्बौको क्षति व्यहोर्नु परिरहेको छ । सो अवस्थालाई मनन गरी आगामी दिनमा उद्योगीलाई आभास हुनेगरी विद्युतको आपूर्तिको गुणस्तर सुधारका क्षेत्रमा  काम गर्नुपर्दछ ।

पछिल्लो समयमा विद्युतको उत्पादन वृद्धि भई राष्ट्रिय प्रशारणलाईनमा थपिने क्रममा रहेतापनि संरचनागत सुधारको अभावमा विद्युतिय समस्या बारम्बार दोहोरि रहेको अवस्थालाई दृष्टिगत गरि प्राधिकरणले पूर्वाधारको स्तरोन्नती एवं विकासमा ध्यान केन्द्रित गर्नुपर्दछ । साथै लोडसेडिङको अवस्थामा लगाइएको डिमान्ड शुल्कको प्रावधान विद्युत बिक्रि गर्ने अवस्थासम्म आइपुग्दा पनि कायम राखिएकाले उक्त प्रावधान खारेज गरी नयाँ लगानीका सम्भावनालाई बढावा दिइनुपर्दछ ।





# Present Economic and Financial Scenario of Nepal


**(Based on data from the first month of FY 2078/79)**

| | |
|---|---|
| **4.35%** Inflation based on CPI | **75.7%** Import Growth |
| **115.9%** Export Growth | **-18.1%** Remittance (in NPR) |
| **10.49** Arba Federal Government's Expenses (NPR) | **93.26** Arba Tax Utilization (NPR) |
| **11.42** Arba Gross Foreign Exchange Reserves (USD | **-11.42** Arba Balance of Payment (NPR) |

Source: Nepal Rastra Bank, Asoj 07, 2078


# Total Energy Available in Nepal (in GWh)

*provisional figures (subject to final audit)







# Ongoing Hydroelectricity Projects (Under Construction)




Source: Nepal Electricity Authority, A Year in Review Fiscal Year 2020/21, August 2021 (Bhadra 2078)

## Status of Imported Energy from Different Import Points (in GWh)

FY 2077/78




## Electricity Sales Revenue from Major Sectors (in NRs. Million)

in 2021

provisional figures (subject to final audit)

| Sector | Revenue |
|---|---|
| Household | 28,206 |
| Commercial | 7,332 |
| Industrial | 27,688 |
| Non- Commercial | 2,888 |

# अन्तर्वार्ता



नाम : चन्द्रभान सिंह

आबद्ध उद्योग : सप्तकोशी सिमेन्ट प्रा. लि.

पद : प्लान्ट हेड

**१) कटहरी औद्योगिक करिडोरमा लामो समयदेखि विद्युतको समस्या रहँदै आएको छ । वास्तविकता के हो ?**


२ वर्ष अगाडी कटहरीमा सब-स्टेसन नहुँदा सब-स्टेसनको निर्माण पश्चात समस्या समाधान हुन्छ भनिएको भएतापनि समस्या यथावत नै रह्यो । तत्कालिन समयमा नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकले पनि यस विषयलाई नजिकैबाट नियाली समस्या समाधान गर्ने भनि आश्वासन दिनुभएको भएतापनि वर्तमान समयमा पनि लो-भोल्टेज, हाइ-भोल्टेज, पटक पटक पावर-कट र ट्रिपिङ समस्या आइरहेको छ जसका कारण उद्योग/व्यवसायको उत्पादन लागत वृद्धि हुनुका साथै मिल मेसिनेरीमा खराबी आइ आर्थिक भार परिरहेको अवस्था छ ।

**२) विद्युतको अनियमितताका कारण उत्पादनमा खर्च तथा वस्तुको गुणस्तरमा कस्तो प्रभाव परेको छ ?**

विद्युतको भोल्टेजमा आइरहने Fluctuation को कारणले हाम्रो उद्योगको १ वर्षको अन्तरालमा २ वटा H.T Motor जलेर नष्ट भएको छ । भोल्टेज Fluctuation को समस्याले सिमेन्ट उत्पादनमा कमी आउनुका साथै बढी मेसिन Failure रेट र उत्पादन खर्च पनि वृद्धि भईरहेको छ ।

**३) औद्योगिक करिडोरमा हुँदै आएको विद्युत आपूर्तिको व्यवस्था र गुणस्तर सुधारका लागि के सुझाव दिन चाहनुहुन्छ ?**

कटहरी सब-स्टेसनमा क्यापासिटर बैंक Install गर्नुपर्दछ । पटक पटक सिस्टम फेल भईरहेको छ त्यसमा सुधार गर्नुपर्दछ । झोराहाटको नहरमा पटक पटक बाँस वा रुख झरेर बिजुलीको तारमा खस्न गई विद्युत अवरुद्ध हुँदै आउने गरेकाले यसको शिघ्र समाधान गर्नुपर्दछ ।



# आर्थिक वर्ष २०७८/७९ को बजेटमा भएको व्यवस्था

१. साझेदारी, सह-लगानी लगायत सबै प्रकारका खानेपानी तथा सिँचाई, उपभोक्ता समितिले तिर्नु पर्ने विद्युतको डिमान्ड शुल्क र महशुल छुटको व्यवस्था ।

---

२. निषेधाज्ञाको अवधिभर घरायसी तथा साना विद्युत उपभोक्ता मध्ये मासिक २० युनिटसम्मको विद्युत खपत गर्नेलाई महशुलमा शतप्रतिशत छुटको व्यवस्था ।

---

३. मासिक १५० युनिटसम्म खपत गर्नेलाई ५० प्रतिशत र २५० यूनिटसम्म खपत गर्नेलाई ३० प्रतिशत महशुलमा छुटको व्यवस्था ।

---

४. उत्पादनमूलक उद्योग, होटल तथा चलचित्र उद्योगलाई निषेधाज्ञा अवधिभरको विद्युत डिमान्ड शुल्क छुट दिने व्यवस्था ।

---

५. प्रदुषण रहित स्वच्छ राजधानी बनाउने योजना अनुरुप काठमाडौं उपत्यकामा संचालनमा रहेका उद्योगहरुलाई मकवानपुरको औद्योगिक क्षेत्रमा स्थान्तरण हुने उद्योगलाई विद्युतको डिमान्ड शुल्क ५ वर्षका लागि पुरै छुट दिइने ।

## Electricity Tariff Rate to Industries

| Category | Demand Charge (NRs. per kVA/month) | Energy Charge (NRs./kWh) |
|---|---|---|
| Low Voltage(230/440) - Rural and Domestic Industry | 60 | 7.8 |
| Low Voltage (230/440) - Small Industry | 110 | 9.6 |
| Medium Voltage (33 KV) | 255 | 8.4 |
| Medium Voltage (11 KV) | 255 | 8.6 |
| High Voltage (132 KV) | 230 | 8.2 |
| High Voltage (66 KV) | 240 | 8.3 |

Source: Nepal Electricity Authority 2020/21

# उद्योग संगठन मोरङको विद्युतसँग सम्बन्धित सुझाव

१. विगतमा विद्युतको बढ्दो माग र न्यून आपूर्ति, पूर्वाधार विकासलाई ध्यानमा राखी प्राधिकरणले लगाएको डिमान्ड शुल्क वर्तमान अवस्थामा समेत लगाइरहने नीति उपभोक्ता मैत्री नभएकाले डिमान्ड शुल्क खारेज गर्नुपर्दछ ।

---

२. विद्युत बिक्रि बितरणका लागि प्राधिकरणले अन्य मुलुकसँग पहल र प्रयास गरिरहेको अवस्थामा स्वदेशमै विद्युतको खपत अभिवृद्धि गर्न उद्योग व्यवसाय क्षेत्रका लागि अत्यन्त महवपूर्ण कम्पोनेन्टका रुपमा रहेको विद्युतको महशुलमा कुनै प्रकारको वृद्धि नगरी शुल्क न्यूनिकरण गर्नुपर्दछ ।

---

३. कटहरी औद्योगिक करिडोरमा अत्याधिक पावर-कट तथा ट्रिपिङ हुने गरेकाले उद्योगको मेसिन औजार बिग्रनुका साथै उत्पादन प्रकृया अवरुद्ध भई उत्पादन लागत बढ्न गएकाले उक्त क्षेत्रमा विद्युतको संचरनागत सुधार गरी निरन्तर विद्युत आपूर्तिको व्यवस्था गर्नुपर्दछ ।

---

४. विद्युतको मिटर रिडिङको क्रममा त्रुटि भई छुट भएको युनिटलाई पुनः बिलिङ गर्न पाउने व्यवस्था स्पष्ट नहुँदा वर्षौं पछि छुट भएको युनिट र रकम समावेश गरी बिल आइदिँदा उपभोक्ताहरु मारमा परिरहेकाले यस्ता छुट युनिटको शुल्क कहिलेसम्म लिन पाइन्छ समयसिमा निर्धारण सहितको स्पष्ट व्यवस्था गर्नुपर्दछ ।

---

५. टि.ओ.डी मिटर अन्तर्गत विद्युत महशुल चार्ज गर्दा पौष, माघ, फाल्गुण र चैत्र महिनामा टि ३ को मुल्यलाई टि २ को सरह लिने गरिएकाले वर्षभरी टि ३ सरहको महशुल कायम गर्नुपर्दछ ।

---

६. उद्योगले बोइलर प्लान्ट संचालन गरी उत्पादन गरेको विद्युत उद्योगमा राष्ट्रिय प्रशारणलाईन मार्फत बिक्रि गर्न र अपुग हुँदा खरिद गर्न सक्ने प्रावधानको कार्यान्वयनलाई सरल र सहज बनाउनुपर्दछ ।

---

७. औद्योगिक करिडोरमा विद्युत मिटर रिडिङका लागि प्राधिकरणका कर्मचारी तोकिएको मिति र समयमा आई बिल पठाउने व्यवस्था गर्नुपर्दछ ।



# संगठनद्वारा आयोजित कार्यक्रमहरु

**२०७८/०६/०६**
Swiss Contact Nepal का Country Director का साथ सहकार्य गर्न सक्ने क्षेत्रहरुका बारेमा छलफल

**२०७८/०६/०७**
Focused Group Discussion with Mr. Rameshwor Khanal, Sr. Advisor, CIM & Former Secretary, Govt. of Nepal on Nepal Trade Integration Strategy – 2016

**२०७८/०६/१३ र १४**
सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारी, सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा, माननीय अर्थमन्त्री जनार्दन शर्मा प्रभाकर एवं नेपाल सरकारका उच्चपदस्थ कर्मचारीहरुलाई “मेरो देश, मेरै उत्पादन” को निमोनिक लोगो फ्रेम र प्रतिबद्धता-पत्र हस्तान्तरण

**२०७८/०६/१५**
उद्योग संगठनले सदस्य उद्योगहरुका समस्याहरुको सहजिकरण गर्ने उद्देश्यले संचालनमा ल्याएको CIM Business Clinic का बारेमा नेपाल सरकारका अर्थ सचिव श्री मधुकुमार मरासिनीसँग अर्थ मन्त्रालय, काठमाडौंमा Consultation Meeting र उक्त CIM Business Clinic को शुभारम्भ

**२०७८/०६/१५**
उद्योग संगठन मोरङ स्टार्ट-अप तथा ईनोभेसन कार्यक्रम अन्तर्गत छनौट भएका २० जना नव-उद्यमीहरुको बिजनेस आइडियालाई रुपान्तरण गर्ने अभियानको पहिलो कार्यक्रम ४ दिने BOOT CAMP को प्रारम्भ

**२०७८/०६/१८**
उद्योग संगठन मोरङको कार्यसमिति र नेपालका लागि स्विस राजदुत Her Excellency Elisabeth von Capeller, बीच उद्योग, वाणिज्य, प्रविधि हस्तान्तरण, लगानी, बजार प्रवर्धन तथा दक्ष जनशक्ति विकास लगायतका विषयमा छलफल


**२०७८/०६/१८**
उद्योग संगठन मोरङ स्टार्ट-अप तथा ईनोभेसन कार्यक्रमको BOOT CAMP अन्तर्गत नव-उद्यमीहरुले ४ दिनमा क्यानभासमा उतारेको व्यवसायका बारेमा लक्षित ग्राहकहरुसँग प्रतिक्रिया तथा सुझाव लिन स्टार्ट-अप नव-उद्यमी हाटबजार कार्यक्रमको आयोजना

**२०७८/०६/१९**
Meeting with GIZ / Renewable Energy for Rural Areas (RERA) II Programme Team to explore partnership opportunities for the application of renewable energy in industrial sector

**२०७८/०६/२०**
Late Mahendra Golchha Industry-Academia Dialogue Series - 1
**Economic Growth: Outward versus Inward Orientation as A Growth Strategy**

**२०७८/०६/२२**
SDU: Apprenticeship Training Facilitation meeting among Industries, Technical School (Manmohan Tech. University) and ENSSURE Team

# Targeted Performance Indicators FY 2021/22 (End)




Source: Budget FY 2021/22

Designed and Compiled by

FACTS
RESEARCH & ANALYTICS
intelligence for informed choices

## What we do?



Retail Audit Survey
(RAS)



Customized Research



Data Dissemination





पूर्वको गौरव
सप्तकोशी
सिमेन्ट
सप्तकोशी सिमेन्ट
ओ पि सि
सप्तकोशी सिमेन्ट प्रा. लि.
नेपालमा बनेको
पि पि सि
सप्तकोशी सिमेन्ट प्रा. लि.
नेपालमा बनेको



Arihant Green Energy Pvt. Ltd.
RK Golchha Group
Electrifying your needs...
Arihant GO
CEC CRYSTAL SWITCH GEARS
Since 1960
NUCON Transformer
OUR PRODUCTS
RESIDENTIAL & FACTORY
INDOOR & OUTDOOR
MCB, DBs & METAL BOX
LED & Switchgears
TRANAFORMERS
Main Road, Tinpaini, Biratnagar, Nepal
00977 21 571617 I 571618
rkg.ctystal@gmail.com
25 KVA to 80 MVA
नेपालमा पहिलो CSP सिष्टम भएको